# राष्ट्रिय प्रकृति संरक्षण कोष

केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर ।

# सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति २०८०।११।२५

यस कोषद्वारा आ.ब. २०८०।०८१ मा झापा जिल्लाको विर्तामोड नगरपालिका वडा नं. ७ र ८, मेचीनगर नगरपालिका वडा नं. १४ र हल्दिबारी गाउँपालि वडा नं २ (विश्रामति घाटको पश्चिम देउनिया पुल देखी देउनिया खोला भुटानी शरणार्थी क्याम्प गोलधापसम्म) को लगभग ९ किलोमिटर क्षेत्रमा विद्युतीय तारबार (Solar Electric Fencing) सिलबन्दि बोलपत्र मार्फत् गर्नुपर्ने भएकोले इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त गरी नियमानुसार दर्ता भएका फर्म/कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले १६ दिनभित्र रितपूर्वको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**तपसिल**

| सूचना नं | मालसामान आपूर्ती तथा कार्यको विवरण | बोलपत्र जमानत (रु.) |
|---|---|---|
| NTNC/MoFE/W/01/080/081 | Supply, Delivery, Installation and Commissioning of Solar Electric Fencing Wall, Jhapa. | ४३२,०००।- (अक्षरेपी चार लाख बत्तीस हजार रुपैयाँ मात्र) |

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र चालु आर्थिक बर्षको नविकरण गरेको फर्म ईजाजत पत्र, आयकर प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७९।०८० को आयकर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु निवेदनसाथ संलग्न राखी सम्बन्धित पदाधिकारीको दस्तखत र कोषको छाप लागेको सिलवन्दी बोलपत्र फारम रु. ३,०००।– (रु. तीन हजार) मात्र (फिर्ता नहुने गरी) तिरी यस कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर र सदर चिडियाखाना, जावलाखेल, ललितपुरबाट खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि १६ औं दिनको १ बजे भित्र सिलवन्दी गरी यस कोषको केन्द्रीय कार्यालयमा दाखिला गरि सक्नु पर्नेछ । बोलपत्र दाखिला कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुरमा मात्र हुने छ ।

३. दर्ता हुन आएका सिलवन्दी बोलपत्र फाराम दाखिला गर्ने अन्तिम दिनको २:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. यो बोलपत्र Procurement of Work with qualification Requirement सम्बन्धी बोलपत्र रहेको र मू.अ. कर तथा कन्टिन्जेन्सि बाहेक १,४७,५८,९६०।६५ (अक्षरेपी एक करोड सत्चालिस लाख अन्ठाउन्न हजार नौ सय साठी रुपैंया र पैंसठ्ठी पैसा मात्र) को लागत अनुमान रहेको छ ।

५. सिलवन्दी बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । आवश्यक मालसामान तथा जडान कार्यको विवरण (Specification) बोलपत्र फारामसाथ उपलव्ध हुनेछ । यसमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कोषको प्रशासनमा वा टेलिफोन नम्बर ५५२६५७१, ५५२६५७३ मा सम्पर्क राख्न सकिने छ ।

६. सिलवन्दी बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला हुने अन्तिम मितिबाट ९० (नब्बे) दिनको हुनु पर्ने छ । सिलवन्दी बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले तोकिएको बोलपत्र जमानत रकम मान्यताप्राप्त वित्तीय संस्थाबाट नियमानुसार १२० (एकसय बीस) दिनको मान्य अवधि रहने गरी यस कोषको नाममा जारी गरेको बैंक जमानत (बैक ग्यारेण्टी) को सक्कल प्रति पेश गर्नु पर्नेछ वा यस कोषको स्टयाण्डर्ड चार्टर्ड बैक लिमिटेड, जावलाखेल, ललितपुरको चल्ती खाता नम्बर ०१–०००२७५५–०३ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

७. विड डकुमेण्टमा उल्लेख भएका आवश्यक कागजातहरु नभएको, रित नपुगेको, म्याद नाघी आएको, कुनै शर्त राखेको, बोलपत्र सिलवन्दी लाहाछाप भई नआएको, निर्धारित ढाँचामा नभएको, बोलपत्रदाता वा नीजको प्रतिनिधिको सही तथा फर्मको छाप नभएको, अपुरो किसिमले भरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । साथै सिलवन्दी बोलपत्रको खाम बाहिर फर्म वा सप्लायरको नाम, ठेगाना लेखी छाप समेत लगाउनु पर्नेछ र सिलबन्दी बोलपत्र भनी स्पष्ट सँग लेख्नु पर्ने छ ।

८. सिलबन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

९. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषसंग सुरक्षित रहने छ ।

१०. बोलपत्रको योग्यताहरु बोलपत्र फाराममा खुलाइएको छ ।

११. ऐन बमोजिम कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफैं वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न सक्ने छैन ।

११. यो सूचनामा उल्लेख हुन छुट भएका व्यहोराहरु प्रचलित कानून अनुसार हुनेछन् ।

(मिति २०८०।११।२५ को गोरखापत्रमा प्रकाशित सूचनासँग सम्बन्धित ।)